# मनराशिसवा नगरपालिका

## नगर सभा

## १६ औं अधिवेशन

## नीति कार्यक्रम तथा बजेट २०८३/८४



**मनराशिसवा नगरपालिका**

मनरा, महोतरी

## उपस्थित अतिथिगण, नगर उपप्रमुख तथा सम्पूर्ण नगरसभा सदस्यज्यूहरू

यस गरिमामय मनराशिसवा नगरपालिकाको १६ औं अधिवेशनको पहिलो बैठकमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । नगरसभामा नगर प्रमुखको हैसियतले आगामी आर्थिक बर्ष २०८३।०८४ को **नीति कार्यक्रम तथा बजेट** प्रस्तुत गर्नु भन्दा पहिले जनतालाई समृद्धि र अधिकारका लागि आफैले निर्णय गर्न सक्ने बनाउने लोकतान्त्रिक पद्धतिको वहाली गर्न आफ्नो अमूल्य जीवनलाई शहादत गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बिभिन्न राजनैतिक परिवर्तनमा नेतृत्व प्रदान गर्ने अग्रजहरु तथा सम्पूर्ण नगरवासीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले मनराशिसवा नगरपालिकाका कार्यहरूमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गीकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जिवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघ-संस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

मनराशिसवा नगरपालिकाको आगामी आ.व. २०८३।०८४ को **नीति कार्यक्रम तथा बजेट** तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृत्तिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस, राजस्व परामर्श समितिको सिफारिस, संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु, मनराशिसवा नगरपालिकाको आवधिक योजना, लोक कल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडी परेका समुदायहरू समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरि हितलाई ध्यानमा राखी नगरको चौतर्फी विकासमा सहयोग पुग्न सक्ने उद्देश्यमा परिलक्षित छ ।

## नगरसभा सदस्यज्यूहरु

अब म मनराशिसवा नगरपालिकाको आ.व. २०८३।०८४ को प्रस्तावित क्षेत्रगत **नीति कार्यक्रम तथा बजेट** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १.आर्थिक विकास

#### (क) कृषि तथा पशु सेवा

- उखु खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै उखु किसानहरूलाई आवश्यक प्रोत्साहन तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषि तथा पशुपालन क्षेत्रलाई नगरको आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ ।

-कृषि विद्युतीकरण कार्यक्रमलाई विस्तार गरी कृषकहरूलाई सहज तथा भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।

-कृषि उत्पादन वृद्धि तथा लागत न्यूनीकरणका लागि आधुनिक कृषि प्रविधि, यान्त्रिकीकरण तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ ।

-कृषि बाँध, कुलो, पैनी, डिप बोरिङ, सिंचाइ तथा कृषि सडक निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

-माटो परीक्षण तथा माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषि उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणका लागि कलेक्सन सेन्टर स्थापना तथा सञ्चालन गरिनेछ ।

-किसानहरूलाई उन्नत बीउबिजन, मलखाद तथा कृषि सामग्री सहज रूपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

-जैविक तथा विषादीमुक्त कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

-व्यावसायिक तरकारी, फलफूल, दलहन, तेलहन तथा नगदे बाली उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूसँग साझेदारीमा उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषि बीमा तथा पशु बीमा कार्यक्रममा कृषकहरूको पहुँच विस्तार गरिनेछ ।

-पशु स्वास्थ्य सेवा, खोप, कृत्रिम गर्भाधान तथा पशु उपचार सेवाहरूलाई थप प्रभावकारी बनाइनेछ ।

-दुग्ध उत्पादन तथा डेरी उद्योग प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषिमा युवा सहभागिता अभिवृद्धि गर्न युवा कृषि उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

-महिला कृषकहरूको क्षमता विकास तथा कृषि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

-कृषि उत्पादनको उचित मूल्य सुनिश्चित गर्न कृषि बजार तथा हाटबजार व्यवस्थापन गरिनेछ ।

-जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली विकास तथा प्राकृतिक प्रकोपबाट हुने कृषि क्षति न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

-बाँझो तथा उपयोगविहीन जमिनको सदुपयोग गरी उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

-कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रिकीकरणमार्फत कृषकहरूको आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

-"शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार: मनराशिसवा नगरपालिका समृद्धिको आधार" अभियान सञ्चालन गरिनेछ ।

-मनराशिसवा नगरपालिका भित्र रहेको कृषि तथा पशुपन्छी सेवा केन्द्र लाई अझ प्रविधि पैत्री र कृषक मैत्री बनाईने छ ।

## (ख) सहकारी तथा वित्तिय सेवा

-नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूलाई थप व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री बनाइनेछ ।

-सहकारी संस्थाहरूलाई COPOMIS प्रणालीमा आबद्ध गरी अभिलेख तथा वित्तीय व्यवस्थापनलाई सुदृढ बनाइनेछ ।

-सहकारी संस्थाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

-महिला, युवा, दलित, विपन्न तथा सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरणका लागि सहकारी संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

-सहकारी संस्थाहरूको सुशासन, वित्तीय अनुशासन तथा जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

-स्थानीय उत्पादन, उद्यम तथा स्वरोजगार प्रवर्द्धनमा सहकारी क्षेत्रको सहभागिता अभिवृद्धि गरिनेछ ।

-नगरपालिकाको राजस्व प्रशासनलाई थप व्यवस्थित, पारदर्शी तथा प्रविधिमैत्री बनाइनेछ ।

-करदाता मैत्री सेवा प्रवाहका लागि अनलाइन राजस्व प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

-कर तथा गैरकरको दायरा विस्तार गरी आन्तरिक आय अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

-वित्तीय पहुँचबाट वञ्चित समुदायलाई बैंकिङ तथा वित्तीय सेवाको पहुँच विस्तार गर्न आवश्यक समन्वय गरिनेछ ।

-नगरभित्र आर्थिक गतिविधि, व्यापार तथा व्यवसायको तथ्याङ्क संकलन गरी योजनाबद्ध आर्थिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

-सहकारी तथा वित्तीय संस्थाहरूलाई स्थानीय आर्थिक विकासका प्रमुख साझेदारका रूपमा परिचालन गरिनेछ ।

-करदाता शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गरी करको दायरा विस्तार तथा राजश्व अभिवृद्धि गरिनेछ।

-स्थानीय व्यापार, उद्योग तथा व्यवसायको डिजिटल तथ्यांक संकलन तथा प्रोफाइल निर्माण गरिनेछ।

-यस पालिका अन्तर्गत संचालनमा रहेका सहकारी संस्थालाई कोपोमिसमा आवद्धता लाई निरन्तरता दिइनेछ।

## (ग) पर्यटन तथा उद्योग

- मनराशिसवा नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका स्थलहरूको संरक्षण, संवर्द्धन तथा विकास कार्यलाई निरन्तरता दिइनेछ ।

-मठ, मन्दिर, मस्जिद, पोखरी, तालतलैया तथा अन्य धार्मिक एवं पर्यटकीय स्थलहरूको सौन्दर्यीकरण तथा पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ ।

-धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि आवश्यक गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

-मिथिला संस्कृति, कला, भाषा, परम्परा तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

-पर्यटकीय स्थलहरूमा सडक, खानेपानी, शौचालय, विश्रामस्थल तथा सूचना केन्द्रको व्यवस्था गरिनेछ ।

-स्थानीय कला, संस्कृति तथा हस्तकलालाई पर्यटनसँग जोड्दै आयआर्जनका अवसर सिर्जना गरिनेछ ।

-पर्यटन विकासका लागि संघ, प्रदेश तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

- नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला, जात्रा, पर्व, भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सांस्कृतिक, पर्यटन विकासको रुपमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

-नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक महत्व बोकेका जस्तैः शन्तरामगढी मन्दिर सोनौल, पोखरी लगायत अन्य धार्मिक तथा सांस्कृतिक स्थानहरुको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिइनेछ।

## (घ) उद्यमशिलता प्रवर्द्धन तथा रोजगार

-नगरभित्र रोजगारीका अवसर सिर्जना गर्न स्थानीय स्रोत, साधन तथा सीपमा आधारित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

-युवा, महिला, दलित, विपन्न तथा बेरोजगार व्यक्तिहरूलाई लक्षित गरी सीपमूलक तालिम सञ्चालन गरिनेछ।

-स्वरोजगार तथा लघु उद्यम प्रवर्द्धनका लागि आवश्यक प्राविधिक तथा व्यावसायिक सहयोग उपलब्ध गराइनेछ ।

-उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय दर्ता, सञ्चालन तथा बजारीकरण सम्बन्धी सहजीकरण गरिनेछ ।

-महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी महिला नेतृत्वमा रहेका उद्यमहरूलाई प्रोत्साहन गरिनेछ ।

-वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको ज्ञान, सीप तथा पूँजीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

-बेरोजगार युवाहरूको तथ्याङ्क संकलन गरी रोजगार सूचना तथा परामर्श सेवा उपलब्ध गराइनेछ ।

-राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तथा अन्य रोजगारमूलक कार्यक्रमहरूसँग समन्वय गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरिनेछ ।

-श्रमको सम्मान तथा उत्पादनशील रोजगारी प्रवर्द्धनका लागि "श्रमसँग सम्मान" अभियान सञ्चालन गरिनेछ विभिन्न सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी रोजगार मेला तथा रोजगार सूचना केन्द्र सञ्चालन गरिनेछ।

-युवाहरूलाई डिजिटल सीप, कम्प्युटर, ग्राफिक डिजाइन, डिजिटल मार्केटिङ तथा ई–कमर्स सम्बन्धी तालिम प्रदान गरिनेछ ।

-घरेलु तथा साना उद्योग स्थापना गर्न इच्छुक उद्यमीहरूलाई आवश्यक सहजीकरण तथा प्रोत्साहन उपलब्ध गराइनेछ ।

-नगरभित्र उत्पादित वस्तु तथा सेवाको ब्रान्डिङ, प्याकेजिङ तथा बजार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

- सिप विकास तालिममा समावेशिताको सिद्धान्त अवलम्वन गरिनेछ ।

- मनराशिसवा नगरपालिकाको ५०० जना यूवा र ५०० जना महिलाहरुलाई विभिन्न सिपमुलक, आयआर्जन तालिम संचालन गरी दक्ष जनशक्ति उत्पादन गरी स्वरोजगार सृजना गर्ने निति अवलम्वन गरिनेछ ।

## (२) सामाजिक विकास

### (क) शिक्षा,युवा तथा खेलकुद

-नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विशेष सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

-विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार गर्दै Smart Classroom को अवधारणालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

-विद्यालयहरूमा स्वच्छ खानेपानी, बालमैत्री तथा लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शौचालयको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

- प्रारम्भिक बालबिकास उमेरका बालबालिकाको सर्बोतम हित अनुकुल सँरक्षण, सहभागिता र विकास गर्ने वातावरण तयार गरि बाल अधिकारको सुनिश्चितता गरिनेछ।

-शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाइनेछ र कक्षा छोड्ने दर तथा कक्षा दोहोर्‍याउने दर घटाइनेछ।

-स्थानीय पाठ्यक्रममा प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिनेछ।

-दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्दै प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक दिवा खाजा प्राप्तिको सुनिश्चितता गरिनेछ।

-विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन गर्नुका साथै बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू, किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

-विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धिका लागि अतिरिक्त कक्षा, शैक्षिक परामर्श तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

-विपन्न, दलित, मुस्लिम, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

-विद्यालयहरूमा कम्प्युटर शिक्षा, सूचना प्रविधि तथा डिजिटल साक्षरता कार्यक्रम विस्तार गरिनेछ ।

-विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशालाको स्तरोन्नति गरिनेछ।

-बाल विकास केन्द्रहरूको व्यवस्थापन तथा सहजकर्ताहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

-विद्यालयहरूमा CCTV जडान तथा सुरक्षित शैक्षिक वातावरणलाई निरन्तरता दिईनेछ ।

-SEE तथा कक्षा १२ का उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

-मनराशिसवा नगरपालिकामा लोकसेवा तालिम सञ्चालन गरिनेछ ।

-प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

-युवाहरूलाई लागुऔषध दुर्व्यसन, बालविवाह, साइबर अपराध तथा सामाजिक विकृतिविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

-नगरस्तरीय मेयर कप खेलकुद प्रतियोगिता लाई निरन्तरता दिइनेछ ।

-विभिन्न खेलकुद प्रतियोगिता तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

-विद्यालय तथा समुदायस्तरमा खेलमैदान निर्माण तथा स्तरोन्नति गरिनेछ ।

-खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षक, प्रशिक्षण तथा खेल सामग्रीको व्यवस्था गरिनेछ ।

-राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

-यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरूमा स्वच्छ, सफा खानेपानीको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

- शिक्षक-शिक्षिकाहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

-यस नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा computer र printer को व्यवस्थापन गरिनेछ।

-युवा संस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

-खेलकुद प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

-शिशु विकास केन्द्र संचालनको लागी व्यवस्थापन गरिएको जनशक्तीलाई तालिमको व्यवस्था गरिनेछ ।

-मनराशिसवा नगरपालिका भित्रका मा.वि.विद्यालयहरुमा Computer शिक्षकको व्यवस्थापन गरिनेछ ।

## (ख) स्वास्थ्य

- महिला स्वास्थ्य स्वयंसेविकामार्फत किशोरीहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

-नगर अस्पताललाई पूर्ण क्षमताका साथ सञ्चालनमा ल्याई गुणस्तरीय, सुलभ तथा नागरिकमैत्री स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

-निर्माणाधीन नगर अस्पताल भवनको निर्माण कार्य सम्पन्न गरी आवश्यक जनशक्ति, उपकरण तथा सेवा विस्तार गरिनेछ ।

-प्रत्येक वडामा नियमित रूपमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

-गर्भवती महिला, सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षाका लागि मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

-संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्दै "शून्य घर सुत्केरी" अभियानलाई निरन्तरता दिइनेछ ।

-गर्भवती महिलाहरूका लागि निःशुल्क अल्ट्रासाउण्ड तथा आवश्यक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

-महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास, प्रोत्साहन तथा सेवा सुविधालाई निरन्तरता दिइनेछ ।

-पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा आङ खस्ने समस्याको पहिचान तथा उपचारका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

-नसर्ने रोगहरू जस्तै मधुमेह, उच्च रक्तचाप, मुटुरोग तथा मिर्गौला रोगको रोकथाम तथा नियन्त्रणका लागि नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

-क्षयरोग, कुष्ठरोग, डेङ्गु, मलेरिया तथा अन्य सरुवा रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

-स्वास्थ्य बीमा कार्यक्रममा नगरवासीको पहुँच विस्तार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

-प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।

-एम्बुलेन्स तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी बनाइनेछ ।

- पोषण सुधारका लागि बालबालिका, गर्भवती तथा सुत्केरी महिलालाई लक्षित बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

-विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण गरिनेछ ।

-मानसिक स्वास्थ्य समस्याको पहिचान, परामर्श तथा उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

-लागुऔषध, मदिरा तथा सुर्तीजन्य पदार्थको दुरुपयोग न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

-लागुऔषध दुर्व्यसनमा परेका व्यक्तिहरूको पुनर्स्थापनाका लागि Rehabilitation (Rehab) कार्यक्रम सञ्चालन गरिनेछ ।

-आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विस्तार प्रवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।

-योग, ध्यान विपश्ना तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

-खानेपानीको गुणस्तर परीक्षण तथा पानी शुद्धीकरण (Water Filtration) कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

-स्वास्थ्य संस्थाहरूलाई प्रविधिमैत्री बनाउँदै डिजिटल स्वास्थ्य अभिलेख प्रणाली विकास गरिनेछ ।

-विपद् तथा महामारीजन्य अवस्थाको सामना गर्न आपतकालीन स्वास्थ्य तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ ।

-ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकहरूका लागि विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

-नगरभित्र स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिका लागि नियमित स्वास्थ्य शिक्षा तथा प्रचारप्रसार कार्यक्रम सञ्चालन गरिनेछ ।

-स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण तथा जनशक्तिको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

-नगर अस्पताललाई विशेषज्ञ सेवासहित स्तरोन्नति गर्दै लगिनेछ ।

-नगरपालिका भित्रका ०-२३ महिनाका बालबालिकाहरुको पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

-नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी उपकरण र दक्ष स्वास्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने निति ल्याइनेछ ।

- नसर्ने रोग रोकथाम तथा नियन्त्रणको लागि सबैको पहुँच सुनिश्चित गर्न घरदैलो सामुदायिक स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

- लागु औषधमुक्त नगरपालिका अभियानलाई निरन्तरता दिइनेछ ।

- प्रजनन स्वास्थ्य अन्तर्गत समुदायमा रहेका महिलाहरूको पाठेघरको मुखको क्यान्सर तथा आङ्ग खस्ने (uterus prolapse), सबै वडामा छनोट कार्यक्रम गरि निःशुल्क शल्यक्रियाको लागि पहल गरिनेछ ।

- आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिका भित्र सुत्केरी प्रयोजन तथा आकस्मिक सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिइनेछ ।

- क्षयरोग मुक्त पालिका बनाउनमा निरन्तरता दिइनेछ ।

- सुलभ फार्मेसी सेवालाई निरन्तरता दिइनेछ ।

- आम नागरिकहरुलाई औषधीको पहुँच र उपभोगमा वृद्धि गर्न स्वास्थ्य संस्थाको मागको आधारमा औषधी र उपकरणको व्यवस्थापन गरिनेछ ।

- किटजन्य रोग रोकथामको लागि, समय समयमा विषादी छिड्काउ तथा नियन्त्रण कार्यको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- नागरिक आरोग्य कार्यक्रमलाई प्रभावकारी बनाउन आयुर्वेद आरोग्य सेवा केन्द्र संचालनलाई निरन्तरता दिइनेछ ।

- नगर आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मनराको लागि यथोचित अत्यावश्यक औषधिको व्यवस्थापन गरिनेछ ।

- घटना स्थलमै प्राथमिक उपचार पुर्याउने उदेश्यले सबै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका तथा प्रत्येक सामुदायिक विद्यालयमा औषधि तथा सामान्य उपकरण सहितको First Aid Box उपलब्ध गरईनेछ |

-मातृ अवस्थामा सुधार गर्न “ नियमित गर्भ जाच सासुको साथमा ,प्राप्त गरौ एउटा सावुन हातमा “ भन्ने कार्यक्रम लागु गरिनेछ |

-स्वास्थ्य स्वयंसेविका, सरसफाइ कर्मचारी तथा कार्यालय सहयोगीहरूको मनोवल उच्च बनाउन साइकल प्रदान गरिनेछ |

-५ वर्ष मुनिका बालबालिकाको पोषण र खोपको अवस्थामा सुधार ल्याउन प्रदान गरिदै आएको बाल पोषण भत्ता लाई पोषण र खोप कार्यक्रम संग आवद्ध गरिदै लगिनेछ |

## (ग) सामाजिक समावेशिकरण

-एकल महिला, दलित, आर्थिक रूपमा विपन्न तथा असहाय परिवारका लागि आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

-ज्येष्ठ नागरिकको संरक्षण तथा हेरचाहका लागि वृद्धाश्रम स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

-बालविवाह, दाइजो प्रथा तथा अन्य सामाजिक कुरीति अन्त्यका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

-जातिय, लैङ्गिक, सांस्कृतिक, भाषिक, वर्गीय हिंसा, शोषण, कुरीति, कुप्रथा, विभेद, दुर्व्यवहार तथा मानव बेचविखन विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ ।

-बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आपतकालीन बाल उद्धार कार्यक्रम संचालन गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुलाई सक्रिय जीवन बिताउन अभिप्रेरित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ र ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

- विपन्न वर्गको विकासका लागि तिनीहरुलाई विभिन्न व्यवहारिक सिपमुलक तालिम दिईनेछ र त्यसपश्चात उत्पादन भएको सामाग्रीको बाजारीकरण को लागी आवश्यक पहल गरिनेछ ।

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

- बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विषेश जोड दिईनेछ।

- राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा भत्ता प्रणालीसंग पूर्ण रूपमा आवद्धता गरी Biometric verification मार्फत मात्र सामाजिक सुरक्षा भत्ता नविकरण तथा नयाँ दर्ता गरिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ । यस बाट वास्तविक लाभग्राहीको पहिचान हुने विश्वास गरिएको छ। Biometric verification का लागि उच्चतम मानिएको प्रविधि Irish प्रयोगमा जोड दिइने छ ।

- सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल , सहज र पहुंच योग्य बनाउन अशक्त तथा आफ्नो स्याहा सुसार आफै गर्ने नसक्ने लाभग्राहीहरूको पहिचान गरी लाभग्राहीको घरमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ।

-व्यक्तिगत घटना घटेको मितिले ३५ दिनभित्र अनिवार्य रूपमा घटना दर्ता गराउने नगरवासीलाई प्रोत्साहनस्वरूप सम्मानपत्र प्रदान गर्ने व्यवस्था गरिनेछ। यस व्यवस्थाबाट ३५ दिनभित्रै व्यक्तिगत घटना दर्ता गराउने परिवारको संख्या वृद्धि भई समयमै घटना दर्ता गर्ने संस्कृतिको विकास हुने विश्वास लिइएको छ।

## (घ) खानेपानी , सरसफाई तथा फोहोरमैला व्यवस्थापन

-मनराशिसवा नगरपालिका भित्र स्वच्छ, सुरक्षित र पर्याप्त खानेपानी आपूर्ति सुनिश्चित गर्न डिप बोरिङ्ग, ओभरहेड ट्याङ्की तथा पाइपलाइन विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

-खानेपानी वितरण प्रणालीलाई डिजिटलाइजेशन गर्दै सबै खानेपानी योजनामा स्मार्ट मिटर विस्तार गरिनेछ।

-पुराना तथा जीर्ण खानेपानी संरचनाहरूको मर्मत, सुधार तथा पुनःनिर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

-खानेपानीको गुणस्तर परीक्षणका लागि प्रत्येक वडामा नियमित पानी परीक्षण शिविर सञ्चालन गरिनेछ ।

-सरसफाई "स्वच्छ र हरित नगर" अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सरसफाईलाई नगर विकासको मुख्य प्राथमिकतामा राखिनेछ ।

-घर–घरबाट फोहोर संकलन प्रणाली विस्तार गरी सबै वडामा लागू गरिनेछ ।

-फोहोर व्यवस्थापनका लागि आधुनिक डम्पिङ साइटको निर्माण तथा व्यवस्थित सञ्चालन गरिनेछ ।

-जैविक तथा अजैविक फोहोर छुट्याउने (Waste Segregation) प्रणालीको विकाश गरिनेछ ।

-बजार, चौक तथा सार्वजनिक स्थलहरूमा डस्टबिनको पर्याप्त व्यवस्था गरी नियमित सरसफाई अभियान सञ्चालन गरिनेछ ।

-प्लास्टिकजन्य फोहोर न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम तथा वैकल्पिक सामग्री प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

-विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा सरसफाई मापदण्ड पालना गरिनेछ ।

-नगर क्षेत्रभित्र ढल निकास प्रणाली विस्तार तथा सुधार गर्दै वर्षायाममा हुने जलजमाव समस्या समाधान गरिनेछ ।

-मुख्य बजार तथा घना बस्ती क्षेत्रमा आधुनिक ढल निकास (Drainage System) निर्माण कार्य अघि बढाइनेछ ।

-पुराना कुलो, पैनी तथा प्राकृतिक पानी निकास मार्गहरूको संरक्षण र पुनःस्थापना गरिनेछ ।

- water Recharge सम्बन्धी ठोस योजनाको अध्यन गरी निमार्णको लागी पहल गरिनेछ।

-वातावरणीय प्रदूषण नियन्त्रणका लागि नियमित अनुगमन तथा दण्ड–जरिवाना प्रणाली कडाइका साथ लागू गरिनेछ ।

- कृषि सिंचाई प्रयोजनको लागि नगरपालिका भित्र कृषकहरुको लाभको लागि डिपबोडिङ्ग जडान कार्यलाई प्राथमिकता दिइनेछ।

### (ङ) कला, भाषा र संस्कृति

- स्थानीय कला, भाषा र संस्कृतिको जगेर्णा र पोत्साहन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

## (३) पुर्वाधार विकास

### (क) सडक, यातायात तथा पूर्वाधार विकास

-विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक स्थानहरूमा EV Charging Station स्थापनामा जोड दिईनेछ।

- नगर क्षेत्रभित्रका सडकहरूलाई क्रमशः ग्राभेल, पी.सी.सी., आर.सी.सी. तथा कालोपत्रे गरी स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

-आवश्यकता अनुसार नयाँ सडक, पुल, कल्भर्ट, ह्युम पाइप तथा नाला निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

-वर्षायाममा हुने डुबान तथा जलनिकास समस्याको समाधानका लागि एकीकृत ढल तथा नाला व्यवस्थापन योजना कार्यान्वयन गरिनेछ ।

-मुख्य सडक तथा बजार क्षेत्रहरूमा सडक मार्किङ, ट्राफिक संकेत तथा सडक सुरक्षासम्बन्धी संरचनाहरू निर्माण गरिनेछ ।

-सार्वजनिक सडक तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाई व्यवस्थित यातायात सञ्चालनको वातावरण सिर्जना गरिनेछ ।

-नगरभित्र आधुनिक सुविधासम्पन्न बसपार्क निर्माण तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

-मुख्य बजार तथा आवागमन बढी हुने स्थानहरूमा यात्रु प्रतिक्षालयसहितका बस स्टप निर्माण गरिनेछ ।

-नगरभित्र सार्वजनिक यातायात सेवाको विस्तार तथा व्यवस्थापनका लागि आवश्यक समन्वय र पहल गरिनेछ ।

-नगर क्षेत्रका मुख्य सडकहरूमा Street Light तथा विद्युतीय सडक बत्ती जडान गरी सुरक्षित आवागमनको व्यवस्था गरिनेछ ।

-कृषि उत्पादनको सहज ढुवानी तथा बजारीकरणका लागि कृषि सडक तथा ग्रामीण सडकहरूको स्तरोन्नति गरिनेछ ।

-नगर गौरव आयोजनाका रूपमा कृषि बजार, बसपार्क तथा बहुउद्देश्यीय सार्वजनिक पूर्वाधार निर्माण कार्य अगाडि बढाइनेछ ।

-सार्वजनिक निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन, प्रयोगशाला परीक्षण तथा प्राविधिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

-नगर क्षेत्रलाई सुन्दर, सुरक्षित तथा व्यवस्थित बनाउन सडक किनारमा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ख) भवन तथा सहरी विकास

-ज्येष्ठ नागरिकहरूको सम्मानित, सुरक्षित तथा सहज जीवनयापनका लागि नगरस्तरीय वृद्धाश्रम स्थापना तथा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

-वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

-सरकारी तथा सार्वजनिक जग्गाहरूको संरक्षणलाई उच्च प्राथमिकतामा राखी अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

-नगर क्षेत्रभित्र ४ मिटरभन्दा कम चौडाइ भएका सडकहरूलाई स्थानीय बासिन्दासँग समन्वय गरी क्रमशः विस्तार गरिनेछ ।

-पुराना भवनहरूको अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापन कार्य गरिनेछ ।

-नगर क्षेत्रको व्यवस्थित सहरी विकासका लागि भू–उपयोग योजना (Land Use Plan) कार्यान्वयन कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

-सार्वजनिक तथा सरकारी भवनहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

-नगर क्षेत्रका बजार, चोक तथा सार्वजनिक स्थलहरूको सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

-नयाँ भवन निर्माण गर्दा नक्सापास प्रणालीलाई थप प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाइनेछ ।

-भवन निर्माण मापदण्ड विपरीत निर्माण भएका संरचनाहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

-नगरभित्र आवश्यक स्थानमा पार्क, खुला क्षेत्र तथा सार्वजनिक विश्रामस्थल निर्माण गरिनेछ ।

-नगर गौरवका योजनाअन्तर्गत आधुनिक बसपार्क, कृषि बजार तथा बहुउद्देश्यीय सभाहल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## (ग)सञ्चार तथा सूचना प्रविधि

-नागरिकलाई छिटो, सरल तथा पारदर्शी सेवा प्रदान गर्न डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह प्रणालीलाई थप सुदृढ बनाइनेछ ।

-नगरपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

-सबै वडा कार्यालयहरूमा डिजिटल सूचना बोर्ड (Digital Display Board) जडान गरिनेछ ।

-नगरपालिकाको अभिलेख तथा सेवा प्रणालीलाई क्रमशः पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ ।

-ई–गभर्नेन्स प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अधिकांश सेवाहरू अनलाइन माध्यमबाट उपलब्ध गराइनेछ ।

-नगरभित्र निःशुल्क Wi-Fi Zone विस्तारको सम्भाव्यता अध्ययन गरी आवश्यक स्थानमा कार्यान्वयन गरिनेछ।

-नगरपालिकाको राजस्व, मालपोत, सामाजिक सुरक्षा तथा अन्य सेवाहरूलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गरिनेछ ।

-साइबर सुरक्षा तथा व्यक्तिगत सूचना संरक्षण सम्बन्धी मापदण्ड अवलम्बन गरिनेछ ।

-नगर क्षेत्रका मुख्य सार्वजनिक स्थलहरूमा CCTV जडान गरी स्मार्ट सुरक्षा प्रणाली विकास गरिनेछ ।

-टोल तथा वडास्तरका सूचना, गुनासो तथा सुझाव संकलनका लागि Citizen Help Desk Application सञ्चालनमा ल्याइनेछ ।

-नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि सूचना प्रविधि तथा डिजिटल प्रशासन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

-"स्मार्ट मनराशिसवा नगरपालिका" अवधारणाअनुसार सूचना प्रविधिमा आधारित सेवा तथा व्यवस्थापन प्रणाली क्रमशः लागू गरिनेछ ।

-नगरपालिकाका गतिविधि, योजना, बजेट तथा सार्वजनिक सूचना नियमित रूपमा डिजिटल माध्यमबाट सार्वजनिक गरिनेछ ।

-स्थानीय एफ. एम., अनलाइन सञ्चारमाध्यम तथा सामुदायिक रेडियोसँग सहकार्य गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

-नगरस्तरीय सूचना तथा सञ्चार केन्द्र स्थापना गरी नागरिकलाई आवश्यक सूचना एकद्वार प्रणालीमार्फत उपलब्ध गराइनेछ ।

## (४) <u>वातावरण तथा विपद व्यवस्थापन</u>

- विपद् पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
- जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रभित्र आवश्यक स्थानमा आपतकालीन विपद् सामग्री भण्डारण तथा व्यवस्थापन गरिनेछ ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई आकस्मिक उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा तालतलैया संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगर क्षेत्रलाई स्वच्छ, हरित तथा वातावरणमैत्री बनाउने अभियान सञ्चालन गरिनेछ ।

- स्थानीय विपद जोखिम न्युनीकरण योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- वारुण यन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धि कार्य गरिनेछ।

- clean and Green city" को अवधारणा अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

- विपद व्यवस्थापनका लागी विपद व्यवस्थापन कोष संचालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

- धुवा रहित चुल्हा प्रयोगका लागि सुधारिएको चुल्हो, Induction चुल्हो तथा वायोग्यास चुल्हो वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा शमसाम घाटको व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास

-कार्यलयका नियमित सेवाको कार्यहरु थप प्रभावकारी र नागरिकमैत्री बनाइनेछ ।

-LG PASS अन्तर्गतका सूचकहरूको पूर्ण कार्यान्वयन गरिनेछ ।

-करार कर्मचारी, स्वास्थ्य स्वयंसेविका, बाल विकास सहजकर्ता तथा सरसफाइ कर्मचारीहरूको सेवा सुविधा वृद्धि गरिनेछ ।

-डिजिटल सेवा प्रवाह तथा ई–गभर्नेन्स प्रणालीलाई थप सुदृढ गरिनेछ ।

-नगर प्रहरीको क्षमता अभिवृद्धि तथा सार्वजनिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

- मनराशिसवा नगरपालिका नगर कार्यपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा नागरिक वडापत्र व्यस्थापन गरिनेछ।

- आम जनताको सेवाको पहुँचलाई सरल,सुलभ मितव्ययी र निश्चित समय भित्र पारदर्शि,गुणस्तरीय र सूचना प्रविधि मैत्री सेवा प्रवाह गरिनेछ ।

- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाईनेछ ।

- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कृत गरिने तथा समय समयमा कार्य क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिम संचालन गरिनेछ ।

- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुले कार्यालय समय भन्दा बढी कार्य गरे वापत अतिरिक्त सुविधा, प्रोत्साहन भत्ता तथा अध्यन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

- सूचना हक अधिकारको सुनिश्चितता गरिनेछ ।

- कर्मचारी कल्याण कोषको व्यवस्थापन गरिनेछ ।

- कर प्रणालीमा सुधार गरी राजश्व वृद्धि प्रभावकारी वनाइनेछ ।

- संघ र प्रदेशबाट प्राप्त स्रोत तथा स्थानीय स्तरबाट प्राप्त हुने आन्तरिक श्रोतलाई यथोचित व्यपस्थापन गरी नगरपालिकाको समग्र विकासलाई जनमुखि र जनप्रिय बनाईनेछ ।

- सार्वजनिक परिक्षण कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

- न्यायिक समितिको कार्यसम्पादनलाई थप सुदृढीकरण गरिनेछ ।

- न्याय सम्पादन छिटो, छरितो जनमैत्री तथा प्रविधिमैत्री बनाइनेछ।

- ऐन, नियम, नियमावली, कार्यविधि समय सापेक्ष परिमार्जन गरिनेछ।

- कार्यसञ्चालन द्रुत गतीमा अगाडी बढाउन आवश्यक कानून निर्माणमा जोड दिइनेछ ।

-आन्तरिक लेखा परिक्षण, अन्तिम लेखा परिक्षण, पेश्की तथा बेरुजु फछ्यौंट कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने व्यवस्था मिलाईनेछ ।

- नगर प्रहरीको संगठन संरचनालाई थप व्यवस्थित बनाउनको लागी साधन, स्रोत र जनशक्ती थप व्यवस्थापन गरिनेछ।

## (६) भूमि व्यवस्थापन तथा सेवा प्रवाह

- मालपोत तथा भूमि सम्बन्धी सेवा स्थानीय स्तरमै उपलब्ध गराउन भूमि सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ।

- सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेखीकरण कार्यलाई प्रभावकारी बनाइनेछ ।

-डिजिटल प्रविधिमा आधारित सेवा प्रणाली विकास गरी सेवा प्रवाहलाई थप सरल र पारदर्शी बनाइनेछ ।

- भुमिहीन दलित, भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको पहिचान, लगत संकलन तथा प्रमाणीकरण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउने छ।

-भुमिहीन तथा सुकुम्बासी परिवारलाई कानुन बमोजिम जग्गाको स्वामित्व उपलव्ध गराउनुको साथै आवश्यक सहयोग र समन्वय गरिनेछ ।

-अव्यवस्थित बसोवासीहरुको व्यवस्थापन तथा अभिलेखीकरण कार्यलाई व्यवस्थित र पारदर्शी रुपमा संचालन गरिनेछ ।

- सार्वजनिक, ऐलानी तथा सरकारी जग्गाको संरक्षण गर्दै कानुन सम्बत रुपमा भुमि व्यवस्थापन कार्यलाई अगाडी बढाउने छ ।

-नापी तथा मालपोत कार्यालय संग आवश्यक समन्वय गरि सेवाग्राहीलाई सहज सेवा उपलव्ध गरिनेछ ।

-भुमि सम्बन्धी सेवा प्रवाहलाई छिटो, सहज र पारदर्शी तथा सेवाग्राही मैत्री बनाउने छ ।

**नगरसभा सदस्य ज्यूहरु**

उल्लेखित नीति, कार्यक्रम कार्यान्वयनको लागी आ.व.२०८३/०८४ का लागी प्रस्तावित बजेट संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | आ.व.२०८३/०८४ को अनुमाण |
|---|---|---|
| १ | १००२० राजश्व बाँडफाँडबाट प्राप्त रकम (संघीय सरकार) | रु. ११,५५,७४,०००।- |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम (प्रदेश सरकार) | रु. ८५,५०,८५०।- |
| | **संघीय सरकार** | |
| ३ | १३३११ समानीकरण अनुदान | रु. १३,४७,००,०००।- |
| ४ | १३३१२ सशर्त अनुदान चालु | रु. २४,८७,००,०००।- |
| ५ | १३३१३ सशर्त अनुदान पुँजिगत | रु. ५६,००,०००।- |
| | जम्मा | रु. ३८,९०,००,०००।- |
| | **प्रदेश सरकार** | |
| ६ | २६३३१ वित्तिय समानिकरण | रु. ९३,९७,०००।- |
| ७ | २६३३२ सशर्त अनुदान | रु. ६०,००,०००।- |
| ८ | २६३३३ बिशेष अनुदान | रु. २०,००,०००।- |
| | **जम्मा** | रु. १,७३,९७,०००।- |
| ९ | **आन्तरिक स्रोत** | रु. १,४०,०५,७५८।- |
| | **कुल जम्मा** | **रु. ५४,४५,२७,६०८।-** |

यसरी मनराशिसवा नगरपालिकाको अगामी आर्थिक वर्ष २०८३/०८४ को लागी कुल बजेट रु. **चवन्न करोड पैंतालिस लाख सत्ताइस हजार छ सय आठ** मात्र विनियोजन गरेको छु ।

**<u>आदरणीय उपस्थित सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,</u>**

नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभामा पेश भई सभाले स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैंमा महत्त्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहँदैन। तसर्थ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्बद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ। नगरपालिकाले आम नगरबासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको व्यहोरा समेत सम्मानीत सभामा राख्न चाहन्छु ।

**अन्त्यमा,**

नगरको विकासका लागि मार्गदर्शनको रुपमा रहेको यो नीति, कार्यक्रम तथा बजेट तयार गर्न सहयोग गर्नुहुने नगर उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाको तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने सम्पूर्ण कर्मचारीहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नुभएका सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै नीति, कार्यक्रम तथा बजेटको सारांश प्रस्तुति यहीं अन्त्य गर्दछु ।

**धन्यवाद !**

**०६ असार २०८३** **मोहन पाण्डेय**
**नगर प्रमुख**